# साँगुरीगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## भेडेटार धनकुटा
### १ नं. प्रदेश, नेपाल
२०७३

पत्र संख्या :- २०७५/७६ मिति :- २०७५/०५/१४
चलानी नं. :- ११५

विषय : जातीय सिफारिस तथा जातीय प्रमाण पत्र सम्बन्धमा ।

श्री सबै वडा कार्यालयहरु ।

प्रस्तुत विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखाको च.नं. १६ मिति २०७५।०४।३० को जातीय सिफारिस तथा जातीय प्रमाण पत्र सम्बन्धमा निर्देश गरिएको परिपत्रको छाँया प्रति यसै साथ संलग्न छ । उक्त पत्रमा उल्लेख भए बमोजिम कार्य गर्ने व्यवस्थाको लागि अनुरोध छ ।

............................
(सुवास श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
Chief Administrative Officer

श्री सूचना प्रविधि अधिकृत : वेवसाइटमा राख्ने व्यवस्थाको लागि ।

नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार, काठमाडौं

(सामाजिक समावेशीकरण तथा सामाजिक सुरक्षा शाखा)

फोन नं. 420
4200
फ्याक्स 420

पत्र संख्याः २०७५।७६

चलानी नं. ९६

श्री शाखा (१न) क्षेत्रिय ... ... ...

मितिः २०७५।०४।३०

विषयः जातीय सिफारिस र जातीय प्रमाणपत्र सम्बन्धमा ।

श्री महानगरपालिका, सबै ।
श्री उपमहानगरपालिका, सबै ।
श्री नगरपालिका, सबै।
श्री गाउँपालिका, सबै।

सौराहा गा.पा. गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं : ९६२
दर्ता मिति : २०७५।५।१२

नेपालको संविधानको भाग २७ मा राष्ट्रिय दलित आयोगको व्यवस्था रहेको छ ।यो आयोग गठनका लागि राष्ट्रिय दलित आयोग ऐन, २०७४ समेत जारी भई निकट भविष्यमै आयोग गठन हुने प्रक्रियामा रहेको छ । नेपालको संविधान बमोजिम नयाँ राष्ट्रिय दलित आयोग गठन हुने भएकोले २०५८ सालमा कार्यकारी निर्णयबाट गठित राष्ट्रिय दलित आयोग विघटन भइसकेको छ ।

तसर्थ राज्यले प्रदत्त गरेका सबै सेवा सुविधा समयमानै प्रदान गर्न साविक राष्ट्रिय दलित आयोगको सचिवालयबाट हुदै आएको कासहरु जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण नेपालको संविधान र राष्ट्रिय दलित आयोग ऐन, २०७४ बमोजिम अब गठन हुने सवैधानिक आयोगको कार्य जिम्मेवारीमा नपरेको र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीयस्तरमा पारिवारिक लगत तयार गर्ने, जनसंख्याको विवरण तयार गर्ने, लक्षित समूह पहिचान सम्वन्धी कार्य गाँउपालिका र नगरपालिकाले गर्ने र नागरिक सेवा सुविधा र स्थानीय बसोबास सम्वन्धी सम्पूर्ण सिफारिसहरु गाउँपालिका र नगरपालिकाको वडा तहबाट हुने व्यवस्था रहेको सन्दर्भमा साविकमा राष्ट्रिय दलित आयोगले गर्दै आएको जातीय सिफारिस र जातीय प्रमाणपत्र वितरण गर्ने काम नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७५।०४।२३ को निर्णयानुसार तहाँको सम्बन्धित वडा कार्यालयबाट गर्नु गराउनु हुन अनुरोध छ ।

२०७५।४।३१

आनन्दराम विष्ट
शाखा अधिकृत

बोधार्थ :
श्री सूचना तथा प्रविधि शाखा : वेभसाइटमा अपलोड गरिदिनुहुन ।